# ११ परमेश्वरको राज्य

*<u>यस अध्यायका मूल पदहरू:</u>* लूका ११:२, लूका १:३२,३३, लूका १८:१६-३०, लूका १७:२३,२४, प्रकाश २१:१-३, लूका २१:३४-३६।

*<u>यस अध्यायका स्मरण गर्नुपर्ने पद:</u>* **"मानिसहरू पूर्व र पश्चिम, उत्तर र दक्षिणहरूबाट आउनेछन्। परमेश्वरले दिनुभएको भोजमा तिनीहरू आआफ्नो स्थान ओगटनेछन्।" (लूका १३:२९ रूपान्तरित)।**

येशूको शिक्षादीक्षमा परमेश्वरको राज्यको विषय अत्यन्त महत्त्वपूर्ण मानिएको छ। परमेश्वरको राज्य भन्ने शब्द मत्तीको पुस्तकमा पचास पल्ट उल्लेख गरिएको छ भने मर्कुसमा मात्रै १६ पल्ट। लूकामा चालिस पल्ट उल्लेख गरिएको छ भने यूहन्नामा ३ पल्ट। येशूले हामीलाई सिकाउनुभएको प्रार्थनामा वा डाँडामा दिनुभएको उपदेशमा यो विषय उल्लेख गरिएको छ भने उहाँको प्रबचन र अर्तीकथाहरुमा उक्त विषय समावेश भएको पाइन्छ। तर परमेश्वरको राज्यको व्याख्या यसप्रकार छः मानव इतिहासमा पापको समस्या आउँदा त्यसको मामिलामा परमेश्वरले कसरी सम्हाल्नुभयो र येशू र शैतानको बीचमा भइरहेको मतभेदको संघर्षलाई उहाँले कसरी अन्तिम रूप दिनुहुनेछ? संसारका शासक वा मानिसले अपेक्षा गरेको अनुसार गरिएको आदर्श राज्यको परिकल्पना परमेश्वरको राज्य होइन। त्यो किनभने उहाँको राज्य सांसारिक राज्य होइन।

"परमेश्वरको वचनद्वारा र उहाँको पवित्र आत्माद्वारा भित्री चेतनामा गरिएको सक्रियतामा परमेश्वरको राज्य आउँछ। यो परमेश्वरसँग हामीहरुको प्राणले गर्ने सतसङ्ग हो किनभने हामीहरूको प्राण नै उहाँ हुनुहुन्छ। ख्रीष्टको परिपक्व तथा सिद्ध चरित्रलाई देखाउने परिवर्तित मानव स्वभावमा नै परमेश्वरको राज्यको शक्तिसंरचनाको

उत्कृष्ट उदाहरण पाइन्छ।"-एलेन जी ह्वाइट, द मिनिस्त्री अभ हिलिङ्ग, पृ. ३६बाट रूपान्तरित।

लूकामा देखापरेको परमेश्वरको राज्यको विषयबस्तुको अध्ययन गर्नु नै यस अध्यायको लक्ष्य हो।

## १ परमेश्वरको राज्यको संरचनाः भाग १ (लूका ११:२)

**परमेश्वरको राज्यको बारेमा धेरै उदहारणहरू दिएर सुसमाचारका पुस्तकहरू भरिएका छन्। नयाँ राज्यको सुरूभयो र त्यसलाई येशूले चिनाउनुभयो भनेर ती सबै सामग्रीहरूले देखाउँदछन्।**

येशूले हामीहरूलाई सिकाउनुभएको प्रार्थनाको सुरूमा परमेश्वरको राज्यको बारेमा उल्लेख गर्नुभएको थियो। त्यो राज्य किन महत्त्वपूर्ण छ? हेर्नुहोस्, लूका ११:२ "२ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले प्रार्थना गर्दा यसो भन, " 'हे पिता, तपाईंको नाउँ पवित्र गरिओस्, तपाईंको राज्य आओस्।"

**परमेश्वरको राज्य केवल अवधारणा वा काल्पनिक आदर्श राज्यमात्र होइन तर यथार्थ हो भनेर येशूको बाणीले खुलासा गरेको छ। भोको र अन्यायको चपेतामा परेका मानिसहरूलाई सापति आश्वासन दिएर सामाजिक सुधारको सुसमाचार येशूले प्रचार गर्नुभएको होइन। परमेश्वरको राज्य कुनै पनि मानव कल्याणको अवधारणाभन्दा उत्कृष्ट छ। परमेश्वरको सार्वभौमसत्ता मानव रूप लिनुभएको येशूमा केन्द्रित भएको पाइन्छ, त्यसैले गर्दा परमेश्वरको राज्यको शुभसन्देश प्रचार गर्न येशू आउनुभएको थियो (लूका ४:४२-४४, मत्ती ४:२३-२५)।**

परमेश्वरको राज्य कसले सुरू गर्नुभयो र त्यसको अन्तिम नतिजा के हुनेछ भनेर लूका १:३२,३३ले कसरी बताउँछ? हेर्नुहोस्ः "३१ अब हेर, तिमीले गर्भधारण गर्नेछ्यौ, र एउटा छोरो जन्माउनेछ्यौ, र तिमीले उहाँको नाउँ येशू राख्नेछ्यौ। ३२ उहाँ महान् हुनुहुनेछ, र परमप्रधानका पुत्र कहलाइनुहुनेछ, र परमप्रभु परमेश्वरले उहाँलाई उहाँका पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ। ३३ उहाँले याकूबको वंशमाथि सदासर्वदै राज्य गर्नुहुनेछ, र उहाँको राज्यको अन्त्य हुनेछैन।"

उपरोक्त पदहरू अत्यन्त महत्त्वपूर्ण छन्। त्यसको दुई कारणहरू छन्। प्रथमतः, जन्मिनुहुने मसीह अरू कोही नभएर परमप्रधान परमेश्वरको पुत्र येशू नै थियो जसलाई पुरानो करारले अपेक्षा गरेको थियो। दोस्रोमा, उहाँको राज्यको अन्त्य कहिले पनि हुनेछैन। त्यसको सही अर्थ यो हुन आउँछः येशू यस संसारमा र आउनुभएर, दुःख पाएर मर्नुभएर र पुनरुत्थान हुनुभएर सैतानले परमेश्वरको प्रभुत्वलाई दिएको चुनौतिको हार भएको देखाउँछ। येशूले नै आफ्नो प्रभुत्वमा परमेश्वरको राज्य सदाको लागि स्थापना गर्नुभएको थियो। "यस संसारको राज्य अब प्रभु र ख्रीष्टको राज्यमा हस्तान्तरण भयो। उहाँ सदासर्वदा राज गर्नुहुनेछ।" (प्रकाश ११:१५ रूपान्तरित)। ख्रीष्ट र सैतानको बीचमा भएको युद्धमा आदम र हव्वाले पाप गरेपछि सैतानले विजय हासिल गरेको दावी गरेको थियो। तर येशूको निर्धारित लक्ष्यले सैतानको दावी असत्य भएको ठहरिएको थियो। प्रत्येक तिरबाट येशूले सैतानलाई हराउनुभएको थियो। र येशूको मृत्यु र पुनरुत्थानले सारा जगतलाई यो सन्देश दिनुभयो कि परमेश्वरको राज्यको सुरुवात भयो।

परमेश्वरको राज्य कुनै काल्पनिक होइन वास्तविक नै हुन् भनेर हामीहरूको जीवन र जीवनशैलीले कसरी देखाउने? अझ महत्त्वपूर्ण कुरो त, हामी इसाई भनेर दावी गर्नेहरूले त्यो राज्य हामीहरूकै जीवनबाट वास्तविक हो भनेर कसरी अनुभव गर्ने? हामी परमेश्वरको राज्यको नागरिक भएको हैशियतले अहिले नै हामीहरूको फरक आदर्श आचरण कसरी देखाउने?

## २. परमेश्वरको राज्यको संरचनाः भाग २ (लूका १८:१६-२०)

परमेश्वरको राज्यको नागरिक हुनुको अर्थ के हो भनेर देहायका पदहरूले कसरी देखाउँछ? हेर्नुहोस्ः लूका १८:१५-३० " १५ येशूले छोइदेऊन् भनी मानिसहरूले शिशुहरूलाई उहाँकहाँ ल्याए। तर चेलाहरूले यो देखेर तिनीहरूलाई हप्काए। १६ येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "बालकहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक। किनभने परमेश्वरको राज्य यस्तैहरूको हो। १७

साँच्चै म तिमीहरूलाई भन्दछु, जसले एउटा बालकले जस्तै परमेश्वरको
राज्यलाई ग्रहण गर्दैन, त्यो कुनै रीतिले त्यसभित्र प्रवेश गर्नेछैन।" १८
कोही एक जना शासकले येशूलाई यसो भनेर सोधे, "हे असल गुरु,
अनन्त जीवन पाउनलाई म के गरूँ?? १९ येशूले तिनलाई भन्नुभयो,
"तिमी मलाई किन असल भन्दछौ? एक परमेश्वरबाहेक कोही असल
छैन। २० तिमी आज्ञाहरू त जान्दछौः "व्यभिचार नगर्नू, हत्या नगर्नू,
नचोर्नू, झूटा गवाही नदिनू, आफ्ना बुबा र आमाको आदर गर्नू।" २१
तिनले भने, "यी सब त मैले मेरो युवावस्थादेखि नै पालन गरेको छु।"
२२ यो सुनेपछि येशूले तिनलाई भन्नुभयो, "तिमीलाई अझ एक कुराको
अभाव छ। तिमीसँग भएका जे जति छन् ती सबै बेचेर गरीबहरूलाई
बाँड़िदेऊ, र तिमीलाई स्वर्गमा धन हुनेछ, र आऊ, र मेरो पछि
लाग।"२३ तर यी कुरा सुनेर ती शासक अति उदास भए, किनभने
तिनी अत्यन्त धनी थिए। २४ अनि येशूले तिनलाई हेरेर भन्नुभयो,
"धन-सम्पत्ति हुनेहरूलाई परमेश्वरको राज्यभित्र प्रवेश गर्नु अति गाह्रो
छ, २५ किनभने धनी मानिसलाई परमेश्वरको राज्यमा प्रवेश गर्नुभन्दा
त ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो हुन्छ।"२६ अनि
सुन्नेहरूले भने, "तब कसको उद्धार हुन सक्छ त? २७ उहाँले
भन्नुभयो, "मानिसहरूका लागि जे असम्भव छ, त्यो परमेश्वरको लागि
सम्भव छ।"२८ तब पत्रुसले भने, "हेर्नुहोस्, आफ्नो घरद्वार छोड़ेर हामी
तपाईंको पछि लागेका छौं।"२९ तब उहाँले तिनीहरूलाई भन्नुभयो,
“साँच्चै म तिमीहरूलाई भन्दछु, जसले घर वा पत्नी, वा दाजुभाइ वा
आमा-बुबा, अथवा छोराछोरीलाई परमेश्वरका राज्यको निम्ति त्यागछ,
३० त्यसले यसै समयमा धेरै बढ़ी प्रतिफल पाउनेछ र आउने युगमा
अनन्त जीवन प्राप्त गर्नेछ।" लूका १२:३१-३४ "तर परमेश्वरका
राज्यको खोजी गर, र यी सबै कुराहरू पनि तिमीहरूलाई दिइनेछन्।
३२ “सानो बगाल, नडराओ! किनभने तिमीहरूलाई राज्य दिन
तिमीहरूका पिता प्रसन्न हुनुहुन्छ। ३३ तिमीहरूको सम्पत्ति बेचेर दान
देओ। आफ्नो निम्ति थोत्रो नहुने थैलीहरू बनाओ। स्वर्गमा कहिल्यै
नष्ट नहुने धन स्वर्गमा सञ्चय गर। त्यहाँ चोर आउँदैन र कीरा पनि

लाग्दैन। ३४ किनकि जहाँ तिम्रो धन छ, त्यहीँ तिम्रो मन पनि हुनेछ।" र लूका ९:५७-६२ "५७ उहाँहरू बाटोमा जाँदैगर्नुहुँदा, एक जना मानिसले उहाँलाई भन्यो, "हे प्रभु, तपाईं जता जानुहुन्छ म तपाईंको पछि लाग्नेछु।" ५८ तब येशूले त्यसलाई भन्नुभयो, "स्यालका दुला छन्, र आकाशका चराचुरुङ्गीहरूका गुँड़, तर मानिसको पुत्रको त शिर राख्ने ठाउँ पनि छैन।" ५९ उहाँले अर्कोलाई भन्नुभयो, "मेरो पछि लाग।" तर त्यसले भन्यो, "पहिले मेरा बाबुलाई गाड्न जान दिनुहोस्।" ६० उहाँले त्यसलाई भन्नुभयो, "मुर्दाहरूलाई आफ्नै मुर्दा गाड्न देओ, तर तिमी गएर परमेश्वरका राज्यको सुसमाचार प्रचार गर।" ६१ अर्काले पनि भन्यो, "प्रभु, म तपाईंको पछि लाग्नेछु, तर पहिले आफ्नो घरमा हुनेहरूबाट मलाई बिदा लिन दिनुहोस्।" ६२ तर येशूले त्यसलाई भन्नुभयो, "आफ्नो हात हलोमा लगाएर पछिल्तिर हेर्ने कोही पनि परमेश्वरका राज्यको योग्यको हुँदैन।"

मानिसहरूको पद प्रतिष्ठा, धनसम्पत्ति वा कुनै जातियताको आधारमा परमेश्वरको राज्यमा पस्न सक्ने होइन। सुसमाचारका अरू लेखकहरूले जस्तै लूकाले पनि यो सहमती जनाएका छन् कि पूर्ण समर्पणताको साथ मानिसहरू येशूकहाँ आउनुपर्छ। उहाँकहाँ आउने मानिसहरू बालकको जस्तो भरपर्ने विश्वास लिएर आउनुपर्छ। परमेश्वरको निम्ति सबै थोक सुम्पन्न तयार हुनुपर्छ। जुन कुरा त्याग गर्न सकिन्दैन त्यसले येशूसँग प्रतिस्पर्धा गरेको ठहर्छ। येशू र हामीहरूको जीवनमा उहाँको प्रभुत्व स्थापना गर्न चाहने तत्व नै हामीहरूको जीवनको अत्यन्त प्रमूख भाग हो। यौ कुनै अनौठो होइन किनकि येशूद्वारा नै हामीहरूले जीवन पाउँछौं। त्यसैकारण हामीहरूको सर्वेसर्वाको हकदारी उहाँ हुनु उचित छ।

हामीहरूको सबै परिवारलाई त्यागेर उहाँको पछि लाग्नु रे (लूका १८:२९,३०)? त्यसको अर्थ के हो? यो गर्न अत्यन्त कठिन छ, छैन त? तर सबै विश्वासीहरूबाट त्यो हुनु आवश्यकता छ भनेर येशूले भन्नुभएको छैन (आखिरमा येशू आफैले आफ्नी आमा मरियमलाई त्याग्नुभएको त थिएन? किनभने उहाँ क्रुसमा टाँगिनु हुँदा यूहन्नालाई

येशूले आफ्नी आमालाई जिम्मा लगाउनुभएको थियो- अनुवादकको टिप्पणी)। तर परमेश्वरको राज्यको निम्ति ती सबै थोक छोड्नुपरे परमेश्वरको राज्यले प्राथमिकता पाउनु पर्छ भन्न खोज्नुभएको हो।

मुर्दालाई आफैले गाड्न देऊ भन्ने येशूको भनाइलाई गहिरिएर सोच्नुहोस्। जब प्रभुको निम्ति सेवा गर्न बोलाइन्छ त कुनै किसिमको चाहे मनासिबै देखिने किननहोस् बहाना नबनाउन येशूले भन्नुभएको महत्त्वपूर्ण सत्यलाई हामीले के गर्ने?

## ३. परमेश्वरको राज्य अहिले नै छ तर ठ्याक्कै आएको छैन (लूका १७:२३,२४)

येशूले परमेश्वरको राज्यको बारेमा प्रचार गर्दै आउनुभएको थियो। उहाँले पहिलो सार्बजनिक प्रवचन आफू हुर्केको ठाउँ नाजरथमा दिनुभएको थियो (लूका ४:१६-२१)। अगमवक्ता यशैयाले भविष्यवाणी गरेका परमेश्वरको राज्य र त्यसले मुक्ति दिने सेवाकार्य उहाँबाट सुरू भयो भनेर घोषणा गर्नुभएको थियो।

परमेश्वरको राज्य वास्तविक हो र अहिले नै छ भन्ने अवधारणालाई लूकाले समर्थन गरेर लेखा राखेका थिए। यहूदी धर्मका पण्डित फरिसीहरूले परमेश्वरको राज्य कहिले आउँछ भनेर येशूलाई सोधेका थिए। त्यसको जवाफमा येशूले भन्नुभयो "परमेश्वरको राज्य तिमीभित्रै छ" (लूका १२:२१ रूपान्तरित)। अरू अनुवादमा भनिएको छ कि "परमेश्वरको राज्य तिमीहरूको माझमा छ।" येशूको आगमन साथै परमेश्वरको राज्य आएको थियो। त्यस राज्यको प्रमाण यसरी दिएको थियो (१) बिरामीहरूको चङ्गाई (लूका ९:११) (२) सुसमाचारको प्रचार (लूका ४:१६-१९) (३) पापको क्षमा (लूका ७:४८-५०, लूका १९:९,१०) र (४) सैतानका शक्तिहरूलाई गरिएको चक्नाचुर (लूका ११:२०)। त्यसकारण येशूले परमेश्वरको राज्य मानिसको जीवनमा यथार्थ पारिदिनुभएको थियो। उहाँ जस्तै हुन यसले मानिसको जीवनलाई परिवर्तन गर्दछ। येशूका सही भक्तहरूको बीचमा परमेश्वरको राज्य देखापरेका हुन्छन्। त्यो नै परमेश्वरको धार्मिकताको राज्यको नमुना हो। त्यसको अर्थ मानिसहरूले क्षमा पाएको र आफ्नो पाप पखालिएको

अनुभूत हुनु हो। वर्तमान समयलाई "परमेश्वरको अनुग्रहको राज्य"भनेर पनि कहलाइन्छ। पाप र विद्रोहीको भावनाले ग्रस्त भएका मानिसहरूले परमेश्वरको प्रभुत्वमा दिनदिनै समर्पण गरिन्दा उहाँको राज्य स्थापना भएको प्रमाणित गरिन्छ।"-एलेन जी ह्वाइट, थटस् फ्रम द माउन्ट अभ ब्लेलशिङ्ग, पृ. १०८बाट रूपान्तरित।

"भइसक्यो वा आइसक्यो" भन्ने भाग त्यसबेला पुष्टि भएको थियो कि जब येशूले पापमाथि बिजय प्राप्त गर्नुभयो र सैतानसँगको महान् विवादको संघर्षमा उहाँले जित्नुभयो। तर "ठ्याक्कै भएको छैन" भन्ने सन्दर्भमाचाहिँ सैतान र उसका दुष्ट मतियारहरूको ध्वस्त भएको छैन र नयाँ पृथ्वीको सृष्टि भएको छैन। "येशू ख्रीष्टको दोस्रो आगमनबिना परमेश्वरको महिमाको राज्य पूर्ण रूपमा सुरू हुँदैन।" एलेन जी ह्वाइट, थटस् फ्रम द माउन्ट अभ ब्लेलशिङ्ग, पृ. १०८बाट रूपान्तरित।

यस विश्वको इतिहासको अन्त हुनेछ। यस पृथ्वीको अन्त्य पछि हुने परमेश्वरको राज्यको बारेमा देहायका पदहरुले के बताउँछ? हेर्नुहोस् लूका १७: २२-२४ " २२ उहाँले चेलाहरूलाई भन्नुभयो, "ती दिन आउनेछन्, जब तिमीहरू मानिसको पुत्रको कुनै एक दिन हेर्ने इच्छा गर्नेछौ, तर तिमीहरूले देख्नेछैनौ। २३ मानिसहरूले तिमीहरूलाई भन्नेछन्, 'हेर, ऊ त्यहाँ छ!' अथवा 'हेर, ऊ यहाँ छ।' तर नजाओ, र तिनीहरूका पछि नलाग। २४ किनकि जसरी बिजुली चम्कँदा आकाशको एक छेउदेखि अर्को छेउसम्म उज्यालो पार्छ, मानिसको पुत्र पनि आफ्नो दिनमा त्यस्तै हुनेछ।" २५ तर पहिले उसले धेरै कष्ट सहनुपर्छ र यस पुस्ताबाट बहिष्कृत हुनुपर्छ।" र लूका २१:५-३६ " अब कोही-कोहीले सुन्दर-सुन्दर ढुङ्गाहरू र दानमा प्राप्त भएका सामग्रीहरूले सुसज्जित पारिएका मन्दिरको विषयमा कुरा गर्न लागे। येशूले भन्नुभयो, ६ "तिमीहरूले जे देखिरहेका छौ, यस्तो समय आउनेछ जब एउटा ढुङ्गामाथि अर्को ढुङ्गा रहनेछैन, ती जम्मै भत्किनेछन्।" ७ तिनीहरूले उहाँलाई सोधे, "गुरुज्यू, यी सब कहिले हुनेछन्? र यो कुरा हुन लाग्दा के चिन्ह हुनेछ?" ८ उहाँले भन्नुभयो, "होशियार रहो, तिमीहरूलाई कसैले नबहकाओस्। मेरो नाउँमा धेरै जना 'म उही नै

हुँ' र 'बेला नजिक आएको छ,' भनेर भन्छन्। तिनीहरूका पछि
तिमीहरू नलाग। ९ तिमीहरूले जब युद्धहरू र खैलाबैलाका कुराहरू
सुन्नेछौ तब भयभीत नहोओ, किनभने पहिले यी घटनाहरू हुनैपर्छ, तर
अन्त्यचाहिँ तुरुन्तै हुनेछैन।" १० तब उहाँले तिनीहरूलाई भन्नुभयो,
"राष्ट्र, राष्ट्रका विरुद्धमा, र राज्य, राज्यको विरुद्धमा उठ्नेछ। ११
भयङ्कर भूकम्पहरू हुनेछन्। विभिन्न ठाउँहरूमा अनिकाल र महामारी
हुनेछन्, भयङ्कर आतङ्क हुनेछन्, अनि आकाशबाट ठूला-ठूला चिन्हहरू
हुनेछन्। १२ "तर यी सबै कुराहरू हुन अघि, मानिसहरूले तिमीहरूलाई
पक्रनेछन्, र सताउनेछन्, र तिमीहरूलाई सभाघरहरूमा सुम्पिदिनेछन्, र
झ्यालखानमा हालिदिनेछन्। तिमीहरूलाई मेरो नाउँको खातिर राजाहरू
र हाकिमहरूका सामुन्ने पुऱ्याउनेछन्। १३ तर तिमीहरूका लागि यो
एउटा गवाही दिने अवसर हुनेछ। १४ यसकारण आफ्नो बचाउको
निम्ति के भन्ने हो सो अघिबाट सोच्नेछैनौं भनी आफ्ना मनमा पक्का
गर। १५ किनभने म तिमीहरूलाई यस्तो बोल्ने मुख र बुद्धि दिनेछु,
कि तिमीहरूका विरोधीहरूले प्रत्युत्तर दिन सक्नेछैनन्, अनि खण्डन गर्न
पनि सक्नेछैनन्। १६ तर तिमीहरूका आमा-बुबा र दाजुभाइहरू,
नातेदारहरू र मित्रहरूले पनि तिमीहरूलाई पक्राइदिनेछन्, र
तिमीहरूमध्ये कोही-कोहीलाई तिनीहरूले मार्नेछन्। १७ मेरो नाउँको
खातिर तिमीहरूलाई सबै मानिसहरूले घृणा गर्नेछन्। १८ तर
तिमीहरूका शिरको एउटा केश पनि नष्ट हुनेछैन। १९ तिमीहरूको
धैर्यद्वारा तिमीहरूले आफ्नो प्राण प्राप्त गर्नेछौ। २० "तर जब
यरूशलेमलाई सेनाहरूले घेरेका देख्छौ, तब त्यसको विनाश नजिकै
आइपुगेको छ भन्ने जान। २१ तब यहूदियामा हुनेहरू पहाड़हरूतिर
भागून्। सहरभित्र हुनेहरू बाहिर भागिजाऊन्, र बाहिर गाउँमा हुनेहरू
सहरभित्र नपसून्। २२ किनभने लेखिएका कुराहरू सबै पूरा हुनलाई
यी प्रतिशोधका दिन हुनेछन्। २३ ती दिनमा गर्भवती र दूध खुवाउने
स्त्रीहरूका निम्ति हाय! किनकि पृथ्वीमा ठूलो सङ्कष्ट आउनेछ, र यस
जातिमाथि क्रोध आइपर्नेछ। २४ तिनीहरू तरवारले मारिनेछन्, र सबै
देशहरूमा कैदी बनाएर लगिनेछन्। अनि अन्यजातिहरूको समय पूरा

नभएसम्म तिनीहरूले यरूशलेमलाई खुट्टामुनि कुल्चेर राख्नेछन्। २५
"सूर्य, चन्द्र र ताराहरूमा चिन्ह देखा पर्नेछन्, र समुद्रको गर्जन र
छालहरूले पृथ्वीका राष्ट्रहरू सङ्कष्टमा परी व्याकुल हुनेछन्। २६
संसारमा हुन आउने घटनाहरूको आशङ्काले मानिसहरू मूर्च्छा पर्नेछन्,
किनकि आकाशका शक्तिहरू डगमगाउनेछन्। २७ त्यसपछि मानिसको
पुत्रलाई शक्ति र महा महिमासँग बादलमा आइरहेको तिनीहरूले
देख्नेछन्। २८ जब यी कुरा हुन थाल्छन् तब खड़ा होओ र आफ्नो
शिर माथि उठाओ, किनभने तिमीहरूको उद्धार नजिकै आइरहेछ।" २९
उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयोः "अञ्जीरको रूख र सबै
रूखहरूलाई हेर, ३० तिनले पालुवा फेरेको देखेर तिमीहरू आफै थाहा
पाउँछौ, कि ग्रीष्म ऋतु नजिकै छ। ३१ त्यसै गरी तिमीहरू पनि जब
यी कुरा भइरहेका देख्छौ, तब परमेश्वरको राज्य नजिकै छ भनी जान।
३२ "साँच्चै, म तिमीहरूलाई भन्दछु, यी सबै घटना पूरा नभएसम्म यो
पुस्ता बितिजानेछैन। ३३ आकाश र पृथ्वी बितिजानेछन्, तर मेरा वचन
बित्नेछैनन्। ३४ "तर तिमीहरू आफ्नो विषयमा होशियार रहो, नत्रता
भोग-विलास, मतवालापन र जीवनको फिक्रीले तिमीहरूको मन दबिएला,
र तिमीहरूमाथि एक्कासि त्यो दिन पासोझैं आइपर्ला। ३५ किनकि
यसरी नै सारा पृथ्वीमा वास गर्ने सबैमाथि यो आइपर्नेछ। ३६ तर
आइपर्ने यी सबै कुराहरूबाट उम्कन र मानिसको पुत्रको सामुन्ने खड़ा
हुन समर्थ हुनलाई सबै समय प्रार्थना गर्दै जागा रहो।"

**वर्तमान संसारमा झैंझगडा, युद्ध, दुःखकष्ट, सन्ताप र समस्या नै समस्याले भरिएको छ। येशूको मुखारबाट निस्किएका वचनहरू कतिको सत्य रहेछन् भनेर यस पृथ्वीले प्रमाणित गरिरहेको छ। कतिले भन्छन् यस संसारको पिडादायक गतिविधिले गर्दा परमेश्वर यहाँ हुनुहुन्न वा उहाँको अस्तित्व नै छैन। तर येशूले दुई हजार वर्ष अघि दिनुभएको चेतावनीलाई आत्मसातमा राखेर परमेश्वरको खिलाफमा बोल्नेहरूलाई हामी जवाफ दिन सक्छौं। यस संसारको अवस्थाले नै परमेश्वर हामीहरूको साथमा हुनुहुन्छ भनेर प्रमाणित गर्दछ र बाइबल आफै सत्य हो भनेर प्रमाणित गर्दछ। (यदि अहिले नै यस संसार स्वर्गभइदिएको भए**

येशूका वचनहरू गलत रहेछ भनेर देखाउन सक्छ)। यस संसारको अन्तमा मात्र परमेश्वरको वास्तविक राज्य स्थापना हुनेछ वा सुरू हुनेछ। त्यसबेलासम्म हामीले धैर्यधारण गरेर बस्नुपर्छ।

## ४. परमेश्वरको राज्य र येशूको महिमितसाथ दोस्रो आगमन (लूका २१:३४-३६)

जब येशूले परमेश्वरको राज्यको बारेमा चर्चा गर्नुभएको थियो तब उहाँले खास दुई अवधारणाहरूलाई मध्यनजर राख्नुभएको थियो: (१) मानिसहरूलाई पापबाट उद्धार गराउन ख्रीष्टबाट परमेश्वरले कसरी काम गर्नुभयो भनेर इतिहासले बताइएको (२) र उद्धार पाएकाहरूलाई एकत्रित पारेर उहाँसँग सदासर्वदा रहन परमेश्वरले पृथ्वीलाई नयाँ बनाएर बर्तमान मानविय इतिहासको गरिने अन्त्य (प्रकाश २१:१-३)। पहिलो त ख्रीष्टले बोकेर ल्याउनुभएको लक्ष्य र उहाँको सेवाकार्यले त्यो इतिहास सुरूभयो भनेर देखाउँछ। यदि हामी येशूमा छौं भने हामी उहाँको अनुग्रहको राज्यमा पस्रिरहेका हुन्छौं (एफिसी १:४-९)। परमेश्वरको महिमित राज्यमा मुक्ति पाएकाहरू एकत्रित हुने दोस्रो अवधारणा भविष्यमा पुरा हुने हो। ख्रीष्टमा हुनेहरू भविष्यको आशाको प्रतिक्षामा बाँचिरहेका हुन्छन् (एफिसी १:१०, तितस २:१३)। येशू र नयाँ करारका सम्पूर्ण लेखकहरूले त्यस ऐतिहासिक क्षणसँग आफ्नो सम्बन्ध गाँसिरहेको पाउँछौं जब येशूको दोस्रो महिमित आगमनमा विश्वासी भक्तजनहरूले तेजस्वीमय परमेश्वरको राज्यमा पस्न पाउनेछन्। त्यही येशू जसले क्रुसमा पाप र सैतानलाई हराउनुभयो, यस संसारमा भएका दुष्टलाई सदाको निम्ति हटाउन र सैतानले तहसनहस गरेको परमेश्वरको यस पिडादायी पृथ्वीलाई परिशुद्ध पार्न छिट्टै आउँदै हुनुहुन्छ।

लूका २१:३४-३६लाई पढ्नुहोस् र आफ्नै शब्दहरूमा आधारभूत सन्देशलाई रूपान्तर गरेर लेख्नुहोस्। जब तपाईं त्यसो गर्नुहन्छ तपाईंले आफ्नो जीवनलाई नियालेर हेर्नुहोस् र ती वचनहरूको अर्थ तपाईंको जीवनमा कसरी सार्थक भइरहेको छ सो सोच्नुहोस्। येशूको मनोरथ पूरा गर्न तपाईंले अझ के गर्नुपर्छ सो पनि सोच्नुहोस्। "३४ "तर तिमीहरू आफ्नो विषयमा होशियार रहो, नत्रता भोग-विलास,

मतवालापन र जीवनको फिक्रीले तिमीहरूको मन दबिएला, र तिमीहरूमाथि एक्कासि त्यो दिन पासोझैं आइपर्ला। ३५ किनकि यसरी नै सारा पृथ्वीमा वास गर्ने सबैमाथि यो आइपर्नेछ। ३६ तर आइपर्ने यी सबै कुराहरूबाट उम्कन र मानिसको पुत्रको सामुन्ने खड़ा हुन समर्थ हुनलाई सबै समय प्रार्थना गर्दै जागा रहो।"

**जब हामी येशूको आगमनको प्रतिक्षा गर्छौं तब हामीहरू जागा भएर निरन्तररूमा प्रार्थना गरिरहनुपर्छ ताकि मानिसको पुत्र आउनुहुनेबलामा तब हामी दोषी भइरहेको नभेट्टाओस् (पद ३६)।**

**जो मानिसहरू अहिले नै परमेश्वरको अनुग्रहको राज्यको स्वाद चाखेका छन् तिनीहरू पर्खनुपर्छ, चनाखो भएर जागा भएर बस्नुपर्छ र महिमित राज्यको आगमनको निम्ति प्रार्थना गरिरहनुपर्छ। "आइसकेको" र "ठ्याक्कै आउन बाँकी"को बीचमा खडा भइरहने येशूभक्तहरू हात बाँधेर बस्ने होइन तर प्रचारप्रसारको सेवाकार्यमा व्यस्त हुनुपर्छ। आफ्नो आत्मिक बिकास गर्न र गवाही दिन तिनीहरू प्रयास जारी राख्नुपर्छ। येशूको आगमनको आशालाई आत्मात् गर्दै आफ्नो जीवनशैलीलाई येशूको ढाँचामा ढालिरहनुपर्छ। येशूको महिमित दोस्रो आगमनको आशाले गर्दा प्रत्येक येशूभक्तको आत्मिक जीवन उहाँको बलले अहिले नै पवित्र पारिराख्नुपर्छ।**

## ५. येशूका साक्षीहरू (प्रेरित १:१-८)

प्रेरित १:१-८मा परमेश्वरको राज्यको बारेमा अत्यन्त महत्त्वपूर्ण सत्यहरूलाई देखाइएका छन्, ती के हुन्? हेर्नुहोस्: "१ प्रिय थियोफिलस, येशूले गर्न र सिकाउन थाल्नुभएका सबै कुराका विषयमा मेरो पहिलो पुस्तकमा मैले लेखेको छु। २ आफैले छान्नुभएका प्रेरितहरूलाई येशूले पवित्र आत्माद्वारा आज्ञा दिनुभएपछि उहाँ स्वर्गमा उचाली लगिनुभएको दिनसम्मका सबै कुरा त्यस पुस्तकमा लेखिएका छन्। ३ आफ्नो दुःख-भोगपछि धेरै अकाट्य प्रमाणद्वारा तिनीहरूका सम्मुख उहाँले आफैलाई जीवित प्रस्तुत गर्नुभयो। चालीस दिनसम्म उहाँ तिनीहरूकहाँ देखा पर्नुभयो अनि परमेश्वरका राज्यको विषयमा तिनीहरूलाई बताउनुभयो। ४ तिनीहरूसँग भोजनमा बस्नुहुँदा उहाँले

तिनीहरूलाई यस्तो आदेश दिनुभयो, “तिमीहरू यरूशलेमबाट कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर। यसबारे तिमीहरूले मबाट सुनिसकेका छौ।” ५ किनभने यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ।” ६ यसकारण जब प्रेरितहरू भेला भए, तब तिनीहरूले उहाँलाई सोधे, “हे प्रभु, के तपाईंले इस्राएल राज्यको पुनर्स्थापन गरिदिनुहुनेछ?” ७ उहाँले तिनीहरूलाई भन्नुभयो, “पिताले आफ्नो अधिकारद्वारा तोक्नुभएको बेला वा समय जान्ने तिमीहरूको काम होइन। ८ तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।”

**लूकाको सुसमाचारको दोस्रो भाग "प्रेरितहरूका कामहरू"लाई लेख्दा लूकाले परमेश्वरको राज्यलाई नै अन्त्यन्त महत्त्वपूर्ण प्राथमिकता दिएका थिए। यो पुस्तक प्रारम्भिक चर्चको संक्षिप्त इतिहास हो। यस ऐतिहासिक पुस्तकको सुरुमै लूकाले परमेश्वरको राज्यको बारेमा तिनी मौलिक तथ्यहरूलाई कोरेका छन्।** प्रथममा, येशूको दोस्रो आगमन सुनिश्चित छ। **आफू क्रुसमा टाँगिनुभन्दा जे सिकाउनुभएको थियो त्यसैलाई उहाँको पुनरुत्थान र स्वर्गमा उत्रिनुभन्दा पहिले ४०दिनसम्म आफ्ना चेलाहरूलाई निरन्तररूपमा सिकाइरहनुभएको थियोः उहाँको मूल विषयवस्तु थियो "परमेश्वरको राज्य" प्रेरित १:३)। क्रुसको र पुनरुत्थानको प्रभावकारी घट्नाले येशूको शिक्षामा परमेश्वरको राज्यको विषयमा कुनै परिवर्तन आएको थिएन। ४० दिनसम्म आफ्ना चेलाहरूलाई परमेश्वरको राज्य काल्पनिक नभएर वास्तविक हो भनेर येशूले सिकाइरहनुभएको थियो।**

दोस्रो, परमेश्वरले आफ्नै समयमा येशूको आगमनलाई सम्पन्न गर्ने भएकोले त्यसको प्रतिक्षामा रहनुपर्ने। **येशूको पुनरुत्थानपछि उहाँका चेलाहरूले उहाँलाई अत्यन्त गम्भिर प्रश्न गरेका थिएः "के अब तपाईंले इस्राएलको राज्यको पुनसंरचना गर्नुहुन्छ?" (प्रेरित १:६ रूपान्तरित)। येशूले त्यस प्रश्नको जवाफ दिनुभएन तर चेलाहरूको गलत मनोरथलाई**

उहाँले सच्याउनुभएको थियोः परमेश्वर सदासर्वदा परमेश्वर नै भइरहनुपर्छ। उहाँको दिमागमा के छ, उहाँको योजनामा हामीले समय निर्धारण गरेर कहिले भनेर छटपटाउने र उहाँका रहस्यहरूलाई बुझ्न खोज्नु मानव जातिको चिन्ता र काम होइन। उहाँको महिमित र तेजस्वीमय राज्य कहिले आउँछ उहाँलाई नै थाहा छ त्यसकारण उहाँको आफ्नै समयमा त्यो हुन जानेछ (प्रेरित १:७, मत्ती २४:३६)। जसरी समय पूरा भएपछि (गलाती ४:४) उहाँले अनुग्रहको राज्य सुरू गर्न आफ्नो पुत्र पठाउनुभयो।

तेस्रो, येशूको बारेमा सारा संसारमा साक्षी बक। परमेश्वरको महिमित राज्यको आगमनको समयको अनुमान गर्नुबाट टाढा रहन येशूले आफ्ना चेलाहरूलाई सिकाउन प्रयास गर्नुभएको थियो। तर तिनीहरूलाई जे थाहा थियो सो बताउनुभयो र तिनीहरूले के गर्नुपर्छ सो अऱ्हाउनुभयो। येशूको दोस्रो आगमनको ठिक समय हामीलाई थाहा छैन न त कुनै रीतिले थाहा दिएको छ। तर त्यस महान् महिमित राज्यको निम्ति पर्खन र व्यस्त हुन हामीलाई आह्वान गरिएको छ (लूका १९:१३)। त्यसको अर्थ संसारको सबै कुनाकाप्चाहरूमा सुसमाचार सुनाउन हामी संलघ्न हुनुपर्छ (प्रेरित १:८)। यो हामीहरूको जिम्मेवारी हो तर हामीहरूको आफ्नै शक्तिले होइन पवित्र आत्माको शक्तिले मात्र त्यो काम हामी सम्पन्न गर्न सक्छौं। जुन कुरा देखाइएका छन र सुनेका छन् त्यसको साक्षी दिन सबै मानिसहरूलाई पवित्र आत्मा खन्याइनेछ भनेर प्रतिज्ञा गरिएको छ (पद ४-८)।

येशूसँग साथसाथ साढे तिन वर्षसम्मा हिंड्दा पनि उहाँका प्रखर चेलाहरूले येशूको कामको स्वभावलाई अझै बुझ्न सकेका थिएनन्। तर परमेश्वरले तिनीहरूलाई प्रयोग गर्नबाट हट्नुभएन। उहाँको काम सम्पन्न गर्न हामीलाई सबै कुरा थाहा पाउनुपर्छ भन्ने ढिपीकोबारेमा हामीले के भन्ने?

## उपसंहारः

थप जानकारीः "आत्मिक स्वभावमा कमजोर महसुस गर्नेहरूलाई येशूले भन्नुहुन्छ, "स्वर्गको राज्य तिनीहरूको हो।" त्यो क्षणिक समयको निम्ति रहने यस संसारको राज्य होइन। उहाँको प्रेम, अनुग्रह र धार्मिकताको आत्मिक राज्यलाई मानिसहरूको माझमा खोल्नुभएको थियो। मसीह वा उद्धारकर्ताले राज गर्नुभयो भन्ने सबूद प्रमाण नै उहाँ मानव पुत्र थियो। आत्मामा दिन हुनेहरूको स्वभावले तिनीहरूमा येशूको स्वभाव छ भनेर देखाउँछ। तिनीहरू नम्र हुन्छन्, आत्मिकतामा आफू कमजोर भएको महसुस गर्छन् र धार्मिकताको निम्ति सतावतमा पर्छन्। तिनीहरूकै लागि परमेश्वरको राज्य हो।"-एलेन जी ह्वाइट, थटस् फ्रम द माउन्ट अभ ब्लेशिङ्ग, पृ. ८बाट रूपान्तरित।

"अहिले हामी परमेश्वरको कार्यशालामा छौं। धेरै जसो हामीहरू ढुङ्गाको खानीबाट निकालिएका खस्रो र खाल्टा खुल्टी परेका पत्थरहरू जस्तै छौं। जब हामी परमेश्वरको सत्यलाई हामीहरूको हातमा सम्हाल्छौं तब त्यसको प्रभावले हामीलाई पक्रन्छ। यसले हामीलाई आदर्श व्यक्ति बनाउँछ र हामीमा भएका सबै पापलाई पखाली दिन्छ। राजाहरूका राजाको सौन्दर्यतालाई हेर्न र अन्तमा महिमाको राज्यमा भएका शुद्ध स्वर्गदूतहरूसँग एक हुन परमेश्वरले हामीहरूलाई तयार गरिरहनुभएको छ। यही संसारमा हामीलाई तयार गर्ने काम भइरहेको छ। त्यसको फलस्वरुप हामीहरूको शरीर र आत्मालाई अनन्तको राज्यमा रहन लायक बनाउँदैछ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली २, पृ. ३५५,३५६बाट रूपान्तरित।

## चिन्तनमननः

अ. भौतिक शास्त्री स्टिभन वाइनबर्गले लेखेका थिएः "जतिसुकै यस जगतको बारेमा बुझिन्छ र ज्ञान हुन्छ त्यति नै त्यो ज्ञान बेकारको देखिन्छ।" उनको त्यो भनाइले वैज्ञानिक चिन्तकहरूमा सनसनी ल्याएको थियो। पछि उनले आफूले व्यक्त गरेको कुरालाई नरममा ल्याउन खोजे। तर कतिले त यस जगतको

बारेमा जान्न बेकार छ भन्ने उनको भनाईप्रति आपत्ती जनाउन कुनै कारण छैन भनेर व्यक्त गरे। "जगतको ज्ञानको अर्थ के नै छ र? यो केवल भौतिक पद्धतिमात्र हो। स्टिभनले व्यक्त गरेको अभिव्यक्तिको बारेमा म आफै पनि अलमलिरहेको छु।" यस जगत केवल पद्धति वा भौतिक संरचना र यसको बारेमा जानकारी हुनु आवश्यक छैन रे? ख्रीष्टको आगमनको प्रतिक्षामा रहिरहेका र परमेश्वरको राज्यको बारेमा यकिन भएका हामी येशूभक्तहरूले त्यसको जवाफ हामीले कसरी दिने?

आ. येशूको दोस्रो आगमनको अपेक्षा प्रत्येक पुस्ताले गरेको थियो। कतिपय बाइबलका धुरन्धर विद्वान भनाउँदाहरू र पादरीहरूले समयलाई नै तोकेर यस वर्ष त्यस वर्ष येशू आउनुहुन्छ भनेर जिकिर गरेको हामी पाउँछौं। तर अहिलेसम्म त्यो असफल भएको हामी पाउँछौं। येशूको आगमनको बारेमा समय तोकिनु किन गलत छ?